जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक १२९ २०८१ साल पुस ३ गते बुधवार (18 Dec. 2024 Wednesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : एनपिएल क्रिकेटः अझ... ३ पृष्ठमा : 'नो केन'ले उखु 'क्रसिङ' ... ३ पृष्ठमा इजरायलले पहिलो 'वेभ पावर...

# छोरीको अपहरण, बलात्कार र हत्या तथा छोरा वेपत्ता प्रकरणमा आमाद्वारा न्यायको अपिल

## हिरासतमा रहेका वडाअध्यक्षलाई अनुसन्धान गर्न पुनः दश दिनको म्याद थप







**दैनिक समाचारदाता**
**राजविराज, २ पुस ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिका १ कविलासा गाउँकी ५५ वर्षिया चन्दर देवी साहले आफ्नी १९ वर्षिया छोरी संतोषीको अपहरण, बलात्कार र हत्या तथा १७ वर्षिय छोरा आशिषलाई वेपत्ता पार्ने ब्यक्तीहरुमाथी कडा कारवाहीको माग गरेकी छिन ।

छोरी संतोषीको बलात्कार पछी हत्या तथा छोरा आशिषलाई वेपत्ता बनाएको ३ वर्ष पुरानो घट्नाका एक आरोपीलाई प्रहरीले पक्राउ गरे पछी मंगलवार राजविराज आएकी उनले संचारकर्मीहरुसँग कुरा गर्दै दोषी ब्यक्ती उपर कडा कारवाही हुनु पर्ने माग गरेकी छिन ।

प्रहरीले घट्नामा संलग्न रहेको आरोपी मध्येका एक सोही वडाका धीरेन्द्र कुमार साहलाई ११ दिन अघि पक्राउ गरीसकेको छ । पक्राउ परेका साह यहि मंसिर १६ गते सम्पन्न उपनिर्वाचनमा जसपा नेपालबाट वडाअध्यक्ष पदमा निर्वाचित भएका थिए ।

पदभार ग्रहण कार्यक्रममा सरिक हुन गएका वेला प्रहरीले उनलाई मंसिर २१ गते कार्यक्रम स्थलबाटै पक्राउ गरेको थियो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाका अनुसार पक्राउ परेका साहमाथी अपहरण तथा शरिर बन्धक, जबरजस्तीकरणी र कसूर ज्यान लगायतका मृद्दामा सप्तरी जिल्ला अदालतबाट १०/१० दिन गरी दुई पटक म्याद थपी अनुसन्धान कार्य भइरहेको छ ।

पछिल्लो पटक मंगलवार सप्तरी जिल्ला अदालतबाट दोश्रो पटक १० दिनको म्याद थपेर साहलाई नियन्त्रणमा राखी अनुसन्धान भईरहेको प्रहरी उपरिक्षाक खतिवाडाले जानकारी दिए ।

प्रहरीका अनुसार २०७९ साल साउन १७ गते भएको संतोषिको अपहरण तथा शरिर बन्धक, जबरजस्ती करणी र कर्तब्य ज्यान लगायतका अपराध गरेको साह सहितका केही ब्यक्तीमा माथी आरोप छ ।

उक्त अपराधमा संलग्न रहेका आरोपीहरु विरुद्ध पीडित परिवारद्वारा २०७९ साल साउन १९ गते इलाका प्रहरी कार्यालय कल्याणपुरमा जाहेरी परेको थियो । त्यस पछी मुद्दा दर्ता भएपश्चात २०८० साल चैत्र १२ गते उच्च अदाललत जनकपुर-राजविराज इजलाशबाट परमादेश जारी भएको प्रहरीको भनाइ छ । २०८१ साल साउन १५ गते साह सहित अन्य प्रतिवादी विरुद्ध पक्राउ पुर्जी जारी भएपछी साहलाई पक्राउ गरीएको प्रहरीको भनाई छ । घटनाका अन्य आरोपीको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ ।

मृतक संतोषीकी आमा चन्दर देवीका अनुसार उक्त घटनाको केही दिन पछी १७ वर्षीय छोरा आशिष बेपत्ता भएका थिए । उनको अवस्था अझै अज्ञात छ । छोरीको अपहरण, बलात्कार र हत्या घटना प्रकरणमा संलग्न रहेकाहरुले घटना मिलापत्र गर्न समय समयमा खाले विभिन्न आर्थिक प्रलोभन देखाउनुका साथै मुद्दा फिर्ता लिन धम्कीपुर्ण दवाव दिने गरेको सुनाउदै उनले छोरालाई पनि सोही समुहले वेपत्ता बनाएको दाबी गरेकी छिन ।

# रथयात्राको भब्य तयारी हुँदै

**दैनिक समाचारदाता**
**राजविराज, २ पुस ।**

पुस १३ गते शनिवार विहान श्रीजगन्नाथ रथयात्रा निकालिने भएको छ । यस सम्बन्धी मंगलबार पत्रकार सम्मेलनको आयोजना गरि जानकारी दिइएको छ ।

तेश्रो संस्करणको रथयात्रा राजविराज ७ स्थित लक्ष्मी नारायण राधाकृष्ण मन्दिरबाट निस्किएर बजार परिक्रमा गर्दै पुनः मन्दिरमा नै पुगेर समापन हुने पत्रकार सम्मेलनमा आयोजक समितिका अध्यक्ष हितेश यादवले जानकारी दिए ।

श्रीमद्भागवत कथा एवं जगन्नाथ रथयात्रा २०८१ का मुल आयोजक श्रीकृष्णभक्त मंडल सप्तरी तथा इस्कान राजविराजले विगत तीन वर्ष देखी राजविराजमा निकालिने जगन्नाथ रथयात्रामा हजारौ भक्तजनको




सहभागिता हुने गरेको छ ।

श्रीकृष्णभक्त मंडल र इस्कान नामक धार्मिक संस्थाले लक्ष्मी नारायण राधाकृष्ण मन्दिर समितीको समन्वयमा रथयात्रा महोत्सवको रुपमा मनाउन थालेको हो ।

विगत भन्दा फरक र अझ

*बाँकी अन्तिम पृष्ठमा*

# चार महिलासहित २१ जना फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २ पुस ।**

जिल्ला प्रहरी कार्यालय सप्तरीले दुई दिनको अवधीमा १७ पुरुष र चार महिलासहित २१ जना फरार प्रतिवादी पक्राउ गर्न सफल भएको छ ।

२०८१ पुस १ र २ गरि दुई दिन भित्र जिल्ला प्रहरी कार्यालय तथा मातहत प्रहरी कार्यालयहरुबाट खटेको प्रहरी टोलीले अदालतबाट विभिन्न मुद्दामा फैसला भई कैद तथा जरिवाना भुक्तान बाँकी रहेका ती २१ फरार प्रतिवादी पक्राउ गरेको हो ।

उनीहरुबाट २ वर्ष १ महिना कैद सजाय र ६० हजार ७ सय २५ रुपैयाँ जरिवाना असुल गर्न बाँकी रहेको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले बताए । पक्राउ परेका मध्ये सबै भन्दा बढी डाका र कुटपिट मुद्दाका चार/चार जना छन् । गाली बेइज्जत र कुटपिटका तीन, तथा कुटपिट र लुटपिट र चौपाया चोरी कसुरका दुई/दुई जना छन् ।

यस्तै अपराधिक उपद्रव, कुटपिट अंगभंग, मुद्दा सम्बन्धि, चेक अनादार र गर्भपतन मुद्दाका एक एक जना छन् । पक्राउ परेका मध्ये कुटपिटमा एक तथा गाली बेइज्जत र कुटपिट अंगभंगका ३ गरी ४ जना महिला छन् ।

अपराध घटनाको अनुसन्धान तथा अदालतको फैसला कार्यान्वयन गर्ने क्रममा फरार भई लुकिछिपी बसेकाहरु उपर सुराकी र निगरानी बढाए सँगै धमाधम फरार प्रतिवादी पक्राउ पर्न थालेको प्रहरी उपरीक्षक खतिवडाको भनाई छ । चालु आ.व.को हालसम्म १ सय ५१ जना फरार प्रतिवादीलाई पक्राउ गरिसकेको सप्तरी प्रहरीको तथ्याङ्ले देखाएको छ ।

**आगो, हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔं**

- आगो वा हिटर नजिकबाट नतापौं,
- कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजिकै नराखौं,
- कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने ब्यवस्था मिलाऔं,
- हिटरलाई समय समयमा बन्द गर्ने गरौं,
- आगो वा हिटर बन्द गरेर मात्र सुतौं,
- आगो, हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं,
- गिजर खोलेर लामो समयसम्म बाथरुममा नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### अवैद्य मदिरा पसल खुल्दै गएकोप्रति ध्यान पुगोस

सप्तरीको विभिन्न स्थानमा अवैद्य मदिरा पसल खुल्नेको संख्यामा बृद्धि भइरहेको छ। सुर्य अस्त नेपाल मस्त भन्ने उखान झै अहिले जिल्लाको विभिन्न स्थानमा बढ्दै गएको अवैध मदिरा पसलका कारण साँझ पर्ने बितिकै मदिरा सेवनकर्ताहरुको भिड लागेको देखिन्छ। अवैध मदिरा पसल संचालनका कारण बेलुका हुने बितिकै विभिन्न चौकहरुमा समेत मदिरा सेवन गरी हो हल्लाह हुने गरेका घटनाहरु सार्वजनिक भएको छ।

धुम्रपान, मध्यपान स्वास्थ्यको लागि हानिकारक रहेपनि अहिले जिल्लाको विभिन्न स्थानमा मदिरा सेवन गर्ने खासगरी युवाहरुको संख्यामा ह्वातै बृद्धि भएको छ। अहिले सबैभन्दा बढी फस्टाएको व्यापारको रुपमा मदिरा पसललाई नै मानिन्छ, मदिरा पसल गर्ने व्यापारीहरु मदिरा बिक्रि वितरण गरेर दिनहुँ राम्रो आम्दानी गर्ने गरेपनि त्यसबाट भविष्यका कर्णाधार युवाहरुको भविष्य अन्धकारतर्फ गईरहेका छन्।

तसर्थ अवैध मदिरा पसलहरुको समयमै पहिचान गरी अवैध मदिरा पसलहरुलाई अबिलम्ब बन्द गर्ने तर्फ स्थानीय प्रहरी प्रशासन तथा सम्बन्धित निकायको ध्यान जानुका साथै भविष्यका कर्णाधार युवाहरुलाई मदिरा सेवनको कुलतबाट मुक्त गराउँनका लागि सबै सरोकारबालाहरुको ध्यान जानु आवश्यक रहेको छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# एनपिएल क्रिकेट: अझ रोमाञ्चक बन्दै

**राजु सिलवाल**

काठमाडौं, २ पुस (रासस)।

काठमाडौंमा जारी नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट अत्यन्त प्रतिस्पर्धात्मक तथा रोमाञ्चक खेलहरूका साथ प्लेअफ चरणमा पुगेपछि अझ रोचक बन्ने देखिएको छ। हालसम्म सम्पन्न २८ वटा खेलका नतिजाले आगामी खेलहरूले नेपालमा क्रिकेटको लोकप्रियतालाई झन् उचाइमा लैजाने स्पष्ट छ।

नेपालका सबै प्रदेशको प्रतिनिधित्व गरेका आठ टोलीमध्ये चार टोली शीर्ष स्थानमा पुगेका छन्। यसमध्ये सर्वाधिक १२ अङ्क हासिल गर्न सफल सुदूरपश्चिम रोयल्स तथा अङ्क तालिकामा १० अङ्क प्राप्त गरेर दोस्रो स्थानमा पुगेको जनकपुर बोल्ड्सबीच पुस ३ गते बुधबार दिउँसो प्रतिस्पर्धा हुँदैछ। शीर्ष दुई स्थानमा पुगेका यी दुई टोलीबीच क्वालिफायरमा भिडन्त हुन लागेको हो। यसमा जित्ने टोली फाइनलमा पुग्नेछ। सुदूरपश्चिम र जनकपुर दुवै टोलीले अत्यधिक म्याच जितेकाले दुवै टोलीका खेलाडीहरूमा उच्च मनोबल रहेको पाइएको छ। दुवै टोलीले प्रतियोगिता जित्ने दाबी गर्दै आएका छन्।

सुदूरपश्चिम टोलीका कप्तान दीपेन्द्रसिंह ऐरीले सुरुदेखि नै उपाधि जित्ने बताउँदै आएका थिए। विश्वको सर्वोच्च शिखर सगरमाथाको कालापत्थरको ढुङ्गा अङ्कित ट्रफी आफ्नो प्रदेशमा लैजान सफल हुने कप्तान ऐरेको आत्मविश्वास रहेको छ। एनपिएलको पहिलो म्याचमा विराटनगर किङ्सलाई सहज रूपमा पराजित गरेर आफ्नो बलियो उपस्थिति देखाएको जनकपुर टोलीका कप्तान अनिल शाह पनि मधेश प्रदेशमा ट्रफी भित्र्याउन दृढ रहेका छन्। यी दुवै टोलीले विगतका म्याचहरूमा ब्याटिङ, बलिङ प्रदर्शन गर्दै दर्शकहरूको मन जितेका छन्। एनपिएल क्रिकेटमा खेल्न विभिन्न कीर्तिपुर रङ्गशालामा दिनहुँ भइरहेको दर्शकहरूको भीडले गर्दा अत्यन्त लोभिएका छन्। सुदूरपश्चिम तथा जनकपुरको म्याच भएको बखत कीर्तिपुर रङ्गशालामा दर्शकको सङ्ख्या अत्यधिक हुने गरेकाले बुधबारको खेलमा पनि दर्शक व्यवस्थापन चुनौती हुन सक्ने आकलन गरिएको छ। सुदूरपश्चिम टोलीका समर्थकहरूले देउडा तथा जनकपुरका समर्थकहरूले स्थानीय भाखामा नाचगान गरेर माहौल रमणीय बनाउँदै आएका छन्।

खेलमा पूर्वानुमान गर्न कठिन हुन्छ। एनपिएलमा सशक्त उपस्थिति देखाएको सुदूरपश्चिम तथा जनकपुर जस्तो टोलीलाई पराजित गर्न सफल चितवन राइनोज टोली अहिले अङ्कको आधारमा तेस्रो स्थानमा रहेको छ। बुधबार बिहान समान ८ अङ्क प्राप्त गरेको चितवन राइनो तथा कर्णाली याक्सबीच खेल हुँदैछ। तर काठमाडौं गुर्खाजले पनि समान आठ अङ्क हासिल गरे तापनि रनरेटका आधारमा प्लेअफबाट बाहिरिनु पर्‍यो। लिग चरणमा चितवन टोली कर्णालीसँग सात रनले पराजित भइसकेको भएता अब हुने 'इलिमिनेटर' प्रतिस्पर्धा चितवन र कर्णाली टोलीका लागि महत्वपूर्ण मानिएको छ। क्वालिफायरमा पराजित हुने टोलीसँग इलिमिनिटरमा जित्ने टोलीले खेल्नेछ। विजयी हुने टोलीका लागि फाइनलको ढोका खुल्ला हुनेछ।

**नेपालीलाई सफलता**

एनपिएलमा हालसम्म सबैभन्दा बढी विकेट अतिथि खेलाडी स्कट कुगेलेइनले १३ लिन सफल भएका छन्। त्यसपछि नेपालका ललित राजवंशी र रिजन ढकालले समान १३ विकेट लिएर आफ्नो क्षमतालाई प्रदर्शन गरेका छन्। करण केसीले भने १२ विकेट लिएका थिए। यसैगरी सर्वाधिक २७९ रन रोहित पौडेलले लिन सफल भएका छन्। उनी पछि सर्वाधिक रन लिनेमा अतिथि खेलाडीहरू छन्। तर नेपाली खेलाडीहरूले पनि सयौं रन लिन सफल भएका छन्। सर्वाधिक रन लिनेको सूचीमा चौथो स्थानमा रहेका नेपाली कुशल मल्लले २०२ रन तथा दिपेन्द्रसिंह ऐरीले १९८ रन लिन सफल भएका छन्। न्युजिल्याण्डबाट एनपिएल खेल्न आएका दिनेश खरेलले १६२ रन तथा अष्ट्रेलियाबाट आएका किशोर महतोले १० विकेट लिएर विदेशबाट खेल्न बोलाइएका नेपालीहरूको सशक्त उपस्थिति देखाएका छन्। अवसरको खोजीमा विभिन्न मुलुकमा रहेका नेपाली क्रिकेटरहरूलाई नेपाल क्रिकेट संघ (क्यान) ले स्वदेशमा पहिलोपटक आयोजित एनपिएल खेल्न बोलाएर उनिहरूको प्रतिभाको कदर गरेको छ।

यसरी नेपाली तथा विभिन्न मुलुकका चर्चित क्रिकेट खेलाडीहरूले एकै टोलीमा रहेर खेलिरहेको यो प्रतियोगिता उपलब्धिमूलक बनिरहेको छ। प्रतियोगितामा नेपाली युवा खेलाडीहरूलाई पनि खेल्ने अवसर दिइएबाट उनीहरू प्रोत्साहित हुन पुगेका छन्। खुल्ला प्रतिस्पर्धाबाट छनोट भएका युवा प्रतिभाहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरूसँग एउटै टोलीमा रहेर खेल्न पाउनु सानो अवसर होइन। एनपिएल क्रिकेटमा खेल्न विभिन्न मुलुकबाट आएका क्रिकेट स्टारहरू कीर्तिपुर रंगशालामा दिनहुँ भैरहेको दर्शकहरूको भिडले गर्दा लोभिएका छन्।

**कीर्तिपुरमै बास**

कीर्तिपुर रंगशालाको वरिपरि ओछ्यान ओछ्याएका पनि देखिन्छन्। रंगशाला प्रवेशद्वार नजिक खानेकुराका साथै अन्य सामग्री बेच्नका लागि ठाउँ ओगटन व्यापारीहरू खुल्ला आकाशमै सुत्ने गरेका छन्। तापक्रम घटेर जाडो बढिरहेको समयमा पनि कीर्तिपुरमा भने क्रिकेटप्रेमीहरूको बिहान सबेरै देखि घुइँचो लाग्ने गरेको छ। टिकट किनेर चिसो चौरमा बस्दै क्रिकेट हेर्दा पनि दर्शकहरूको उत्साहमा भने कमी देखिएको छैन। काठमाडौं बाहिरका केही टोलीले म्याच हेर्न काठमाडौं आउनका लागि निःशुल्क बसको व्यवस्था गरेर खेलप्रेमीहरूलाई हौसला दिएका छन्। कीर्तिपुर रङ्गशालामा दर्शकहरूले गरेका फोहर सफा गर्ने काममा पनि क्रिकेटप्रेमी युवाहरूले सक्रियता देखाएका छन्।

**खेलाडी पर्यटक बन्दै**

नेपालमा एनपिएलका लागि अनुबन्ध भई आएका विश्व प्रसिद्ध क्रिकेट खेलाडीहरूको नेपालको गतिविधिले विदेशमा नेपालको प्रचार भइरहेको छ। उनीहरूले विभिन्न भागको भ्रमण गरेर नेपालको पर्यटन प्रवर्द्धन गरेका छन्। भारतका चर्चित क्रिकेट खेलाडी शिखर धवनले पहिलो पटक एनपिएलमा खेल्न नेपाल आएर सगरमाथा आधार शिविरको भ्रमण गर्न समेत भ्याएका थिए। कर्णाली याक्सका तर्फबाट ))) वटा खेलपछि स्वदेश फर्किएका धवनले सगरमाथा क्षेत्रमा बिताएको क्षणको तस्बिर तथा समाचार विभिन्न अन्तर्राष्ट्रिय माध्यमले समेत महत्व दिएर प्रकाशित गरेका थिए। एनपिएल क्रिकेट हेर्न नेपाल आएका विश्व विख्यात क्रिकेटर ब्रायन लाराको नेपाल भ्रमणले पनि विश्वमा नेपाललाई चिनाउन मदत गरेको छ। उनले पनि सगरमाथा क्षेत्रको भ्रमण गरेका थिए।

**कमेण्टेटरको कमाल**

एनपिएल क्रिकेट प्रतियोगिताको प्रत्यक्ष प्रशारणको माध्यमबाट विश्वमा नेपालको व्यापक रूपमा प्रचार भैरहेको छ। एक्सन स्पोर्टस अन्तर्राष्ट्रिय टेलिभिजनले क्रिकेट प्रतियोगिताका साथै नेपालको पर्यटन प्रवर्द्धन पनि गरिरहेको छ। क्रिकेटको प्रत्यक्ष प्रशारणमा विश्वमै ख्याती कमाएका कमेण्टेटरहरूले दिनहुँजसो नेपालको हिमाल, कला संस्कृति तथा जनजीवनका बारेमा मुक्त कण्ठले प्रशंसा गरिरहेका छन्। उनीहरूले अङ्ग्रेजी भाषामा नेपाली खाजा म:म:देखि भक्तपुरको जुजु धौ समेतको बारेमा विश्वको विभिन्न देशमा प्रचार गरिरहेका छन्। बेलाबेलामा ड्रोनको माध्यमबाट देखाइने गरिएको काठमाडौं उपत्यकाको रमणीय दृश्यले भविष्यमा पर्यटक बढाउन महत्वपूर्ण योगदान गर्ने अपेक्षा गरिएको छ।

आगामी दिनको सम्भावनाको ढोका खोल्न पनि योगदान गरिरहेका छन्। तर नेपालमा सयौं टेलिभिजन भएता पनि एनपिएल हेर्न विदेशी च्यानलको भर पर्नुपर्ने तथा पर्ने तथा अंग्रेजी नबुझ्नेहरूका लागि खेलका गतिविधि बुझ्न कठिनाइ भैरहेको छ। (लेखक खेल पत्रकारिताको जानकार हुनुहुन्छ)

# नेपालमा ८० प्रतिशत नागरिक दन्त उपचार सेवाबाट वञ्चित

काठमाडौं, २ पुस (रासस)।

नेपालमा ८० प्रतिशत नागरिक अझै पनि दन्त उपचार सेवाबाट वञ्चित रहेका छन्।

काठमाडौंको वसुन्धरामा रहेको कान्तिपुर डेन्टल कलेज तथा अस्पतालले आफ्नो १८औं स्थापना दिवसका अवसरमा सोमबार आयोजित कार्यक्रममा नेपालमा अझै पनि ८० प्रतिशत जनता दन्त उपचार सेवाबाट वञ्चित रहेको जानकारी दिइएको हो।

अस्पतालका प्रमुख कार्यकारी निर्देशक डा बुद्धिमान श्रेष्ठले मुख तथा दन्त स्वास्थ्यको समस्या अधिकांश नेपालीमा रहे पनि यसको उचित उपचार हुन नसकेको बताउनुभयो। विश्व स्वास्थ्य सङ्गठनको प्रतिवेदनअनुसार संसारमा सबैभन्दा बढी समस्या मुख स्वास्थ्यको रहेको भन्दै उहाँले दन्त सेवामा सबै नेपालीको पहुँच नपुग्दा ८० प्रतिशत जनता उपचारबाट वञ्चित हुनुपरेको जानकारी दिनुभयो।

डा श्रेष्ठका अनुसार नेपालमा ४५ वर्षभन्दा कम उमेरमा 'पाइरियाका'ले गर्दा दाँत झर्ने, दाँतमा किरा लाग्ने, गिँजाको रोग तथा मुखको क्यान्सरलगायत समस्याहरू देखिएका छन्। नेपाल मेडिकल काउन्सिलमा हाल चार हजार आठ सय ८३ दन्त चिकित्सक तथा सात सय ५६ जना दन्त विशेषज्ञ रहेका उहाँले जानकारी दिनुभयो।

डा श्रेष्ठले अधिकांश ग्रामीण भेगका जनताले चेतनाको अभाव, उपचार पहुँच नहुनुलगायत कारणले उपचार नपाउँदा दाँच किराले खाने, गिँजाको रोग (दन्तहर्षा तथा पाइरिया), बाङ्गोटिङ्गो दाँत भएको, मुखमा घाउ खटिरा आउने, समय नपुग्दै दाँत झर्ने, मुखको क्यान्सर, ट्युमर, सिस्ट तथा अन्य समस्याबाट पीडित हुने गरेका बताउनुभयो।

सन् २००७ डिसेम्बरमा स्थापना भएको कान्तिपुर अस्पताल तथा कलेजले एक लाख ५० हजारभन्दा बढी दन्त स्वास्थ्य बिरामीमा सेवा पुर्‍याउनुका साथै एक हजारभन्दा बढी दन्त चिकित्सक उत्पादन गरिसकेको छ। यसबाहेक सो अस्पतालले हालसम्म देशभरका ६० भन्दाबढी जिल्लामा पुगेर निःशुल्क मुख तथा दन्त स्वास्थ्य शिविर सञ्चालन गरिसकेको छ।

# ‘नो केन’ले उखु ‘क्रसिङ’ प्रभावित

महोत्तरी, २ पुस (रासस) ।

पर्याप्त उखु नपुग्दा जिल्लाको गौशाला-१ रामनगरस्थित एभरेष्ट चिनी उद्योग र रामनगर चिनी मिलमा उखु पेल्ने (क्रसिङ) प्रभावित भएको छ ।

क्रसिङ सुरु गरेको एक साता भइसके पनि किसानले उखु नल्याइदिँदा घान नपुगेर दिनदिनै क्रसिङ रोक्नुपरेको ती उद्योगले जनाएका छन् । यसपटक क्रसिङ गत मङ्सिर २६ गतेबाट सुरु भएको हो । ‘नो केन’ (उखु अपुग)ले अहिलेसम्म राम्ररी क्रसिङ हुन नसकेको उद्योगका महाप्रबन्धक सुरेन्द्र शुक्लाले बताउनुभयो । “हामीले यसपालि चाँडै समयमै क्रसिङ सुरु गर्‍यौँ, तर उखु भने पर्याप्त नआएर घान नपुग्दा क्रसिङ दिन बिराएर गर्नुपरेको छ”, उहाँले भन्नुभयो ।

उद्योगको क्षमताअनुसार क्रसिङ हुन दैनिक ४० देखि ४५ हजार क्विन्टल उखु आवश्यक पर्छ । क्रसिङ थालिएको पछिल्ला दिनमा २०-२२ क्विन्टलमात्र उखु पुग्दा क्रसिङ प्रभावित भएको हो । यसले गर्दा एक दिन बिराएर उद्योग चलाइँदा खर्चिलो भएको र चिनी उत्पादन पनि हुन नसकेको महाप्रबन्धक शुक्लाले बताउनुभयो ।

आव २०८१/८२ मा सरकारले उखु कटानपूर्व नै मूल्य निर्धारण गरेपछि तालिकाअनुसार क्रसिङ राम्ररी चल्छ भन्ने उद्योगको बुझाइ थियो । गत वर्ष उखुको मूल्य निर्धारणबारे उखु उत्पादक महासङ्घ आन्दोलनमा रहँदा पुस ४ गतेमात्र क्रसिङ सुरु भएको थियो । यद्यपि क्रसिङ सुरु गरिँदा पनि मूल्य निर्धारण भने भइसकेको थिएन ।

तर यसपालि मूल्य निर्धारण सरकारले समयमै गरिदिँदा मागअनुसार नपाए पनि उखु दिनभन्दा पहिले नै कति पाइने भन्ने निधो हुँदा किसानले राहत महसुस गरेका छन् । त्यसैले मूल्यमा चित्त नबुझे पनि किसान उखु काट्ने तयारीमा छन् । सरकारले सबै कुराको मूल्यवृद्धिको अनुपात मिलाएर मूल्य निर्धारण नगरिदिँदा आफूहरु मर्कामा भए पनि कटानपूर्व नै मूल्य निर्धारण हुँदा केही राहत भएको किसानको भनाइ छ ।

“मूल्य त अझै उचित भएन, तर सरकारले समयमै निर्धारण गरेको छ । परम्परागत चाडपर्व र अन्य हिउँदे बाली लगाउने चटारोले पछिल्लो साता उखु कटान पर्याप्त हुन नसकेको हो”, भङ्गाहा-४ रामनगरका उखु किसान अरुण गिरी भन्नुहुन्छ, “मजदुर अन्य काममा लाग्दा कटान गर्न नसकिएको हो, अब अन्य हिउँदे बाली लगाउने काम र मेलाजात्रा पनि सकिएका छन्, अब कटान चल्छ ।”

यसपालि उद्योगले ३५ लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष लिएको छ । जसमा महोत्तरीबाट २४ लाख, सर्लाहीबाट सात लाख र अन्य जिल्लाबाट चार लाख क्विन्टल उखु सङ्कलन हुने जनाइएको छ । क्रसिङका लागि २० लाख क्विन्टल उद्योग गेटमा र अन्य विभिन्न ठाउँमा सञ्चालन गरिएका खरिद केन्द्रमा तौल भएर आउने महाप्रबन्धक शुक्ला बताउनुहुन्छ । यो परिमाणको उखु क्रसिङबाट तीन लाख १५ हजार क्विन्टल चिनी उत्पादन हुने महाप्रबन्धक शुक्ला बताउनुहुन्छ ।

अब मेलापात सकिएका र अन्य हिउँदेबाली लगाउने चाँजो मिल्दै गएको हुँदा अबको साता कटान पर्याप्त हुने उखु उत्पादक कृषक सङ्घका अध्यक्ष नरेशसिंह कुशवाहाको भनाइ छ । अहिले ठाउँठाउँमा सडक मर्मत हुन नसक्दा उखुका गाडी चल्न असजिलो छ । क्षतिग्रस्त सडक मर्मत हुँदैछन् । त्यसैले सुरु साता उखु अपुग भएको कुशवाहा बताउनुहुन्छ ।

एभरेष्ट चिनी उद्योगले गत वर्ष २९ लाख चार हजार पाँच सय ११ क्विन्टल उखु क्रसिङ गरेर दुई लाख ६१ हजार ४०६ क्विन्टल चिनी उत्पादन गरेको थियो । गत वर्षभन्दा यसपालि उखुखेतीको क्षेत्रफल र उत्पादन बढेको हुँदा गत वर्षभन्दा छ लाख क्विन्टल बढी उखु क्रसिङ हुने उद्योगका प्रबन्धक विनोद यादवले स्पष्ट पानुभयो ।

### लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

# ‘भ्रष्टाचार गर्नेलाई आजीवन कारावासको व्यवस्था गर्नुपर्नेमा जोड’

धनुषा, २ पुस (रासस) ।

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले भ्रष्टाचार गर्नेलाई आजीवन कारावासको व्यवस्था गर्नुपर्ने धारणा राख्नुभएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोमबार जनकपुरधाममा आयोजना गरेको ‘भ्रष्टाचार नियन्त्रण र सुशासन’ विषयक प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रममा उहाँले भ्रष्टाचार गर्नेलाई पाँच वर्षदेखि १० वर्षसम्मको सजाय गर्नुभन्दा आजीवन कारावासको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो ।

मुख्यमन्त्री सिंहले भ्रष्टाचार नियन्त्रणका लागि अहिलेको कानुन पर्याप्त नरहेको उल्लेख गर्दै राजनीतिक क्षेत्र तथा सार्वजनिक निकायमा कार्यरत कर्मचारीले विलासी जीवनशैली जिउने चाहना राख्दा भ्रष्टाचारले प्रश्रय पाइरहेको बताउनुभयो । कर्मचारीको तलब कम भएकाले पनि जीवन धान्न भ्रष्टाचार गर्ने गरेका हुनसक्ने भएकाले समयसापेक्ष तलब वृद्धि गर्दै जानुपर्नेमा जोड दिनुभयो ।

तलब वृद्धि गर्ने, भ्रष्टाचार गरेको पाइएमा ती व्यक्तिमाथि कडा सजायको व्यवस्था गर्ने, सूचनाको हकलाई नागरिकसम्म पहुँच विस्तार गर्नेलगायत काम गरेमा भ्रष्टाचारमा स्वतः कमी आउने उहाँले दाबी गर्नुभयो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त जयबहादुर चन्दले बेनामी उजुरीको विरोध गर्नेले मुलुकमा सुशासन नचाहेको बताउँदै बेनामी उजुरी नपरेका खण्डमा मुलुकमा थप भ्रष्टाचार बढ्ने दाबी गर्नुभयो ।

मधेस प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादव, शिक्षा तथा संस्कृतिमन्त्री रानीकुमारी तिवारी, गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखी, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री शत्रुधनप्रसाद सिंह, अर्थमन्त्री सुनीलकुमार यादव, ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री शेषनारायण यादव, उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री सकिल अलि मियाँ र श्रम तथा यातायातमन्त्री कौशलकिशोर रायको उपस्थिति थियो ।

जिल्ला प्रशासन कार्यालय प्रमुख जिल्ला अधिकारी रामराज कडरिया, जिल्ला समन्वय समितिका प्रमुख, जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साह, स्थानीय तहका प्रमुख र उपप्रमुखहरूको सहभागितामा उक्त कार्यकर्ता सम्पन्न भएको हो ।

# निजी क्षेत्रले पनि प्रसारणलाईन निर्माण गर्न पाउने

काठमाडौँ, २ पुस (रासस) ।

सार्वजनिक-निजी साझेदारीमा अब निजी क्षेत्रले पनि प्रसारण लाइन निर्माण गर्न पाउने भएको छ । राष्ट्रिय प्रसारण ग्रीड कम्पनी लिमिटेड ( आरपिजिसिएल)ले अध्ययन गरेको मध्य तमोर-दुङ्गेसाँगु २२० केभी प्रसारण लाइन उक्त मोडलमा निर्माण गरिने भएको हो ।

उक्त निर्माणलाई अगाडि बढाउनका लागि आरपिजिसिएललाई आवश्यकपर्ने ऋण लगानी हाईड्रोइलेक्ट्रिसिटी इनभेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआईडिसियल)ले गर्ने गरी सम्झौता भएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काको उपस्थितिमा भएको उक्त सम्झौतामा मंगलबार ऊर्जा मन्त्रालयमा आरपिजिसिएलका प्रमुख कार्यकारी अधिकृत डा नेत्रप्रसाद ज्ञवाली र एचआईडिसिएलका प्रमुख कार्यकारी अधिकृत अर्जुनकुमार गौतमले हस्ताक्षर गर्नुभएको छ ।

उक्त प्रसारण लाईन निर्माणका लागि आरपिजिसिएलले निजी क्षेत्रको लगानी रहेका रेमिट हाईड्रो लिमिटेड, सिम्बुवा रेमिट हाईड्रो लिमिटेड, क्रिस्टल पावर डेभलपमेन्ट प्रालि, युनियन हाईड्रोपावर लिमिटेड र नेपाल हाईड्रो भेन्चर प्रालिसँगसमेत सम्झौता गरेको छ ।

सम्झौता कार्यक्रममा आरपिजिसिएलका प्रमुख कार्यकारी अधिकृत डा ज्ञवालीले सरकारले सन् २०३५ मा २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्न राखेको लक्ष्य पुरा गर्न सार्वजनिक निजी लगानीमा प्रसारण लाइन निर्माणको कामलाई अगाडि बढाउन लागिएको बताउनुभयो । उहाँले विस्तारै अन्य प्रसारण लाईनमासमेत निजी क्षेत्रको सहभागिता बढाउँदै लैजाने उल्लेख गर्नुभयो ।

कार्यक्रममा एचआईडिसिएलका प्रमुख कार्यकारी अधिकृत गौतमले जलविद्युत क्षेत्रको प्रसारण लाईनमा निजी क्षेत्रको सहभागितासँगै उत्पादित विद्युत् प्रसारण लाईनको अभावमा खेर नजाने बताउनुभयो । उहाँले अब उत्पादनसँगै प्रसारण लाईन निर्माणमा समेत एचआईडिसियलले लगानी गर्ने उल्लेख गर्नुभयो । स्वतन्त्र ऊर्जा उत्पादकको संस्था ( इप्पान)का सल्लाहकार कृष्णप्रसाद आचार्यले जलविद्युत् क्षेत्रको विकासका लागि चाँडो प्रसारण लाईन सम्पन्न गर्नेगरी काम गर्न जरुरी रहेको बताउनुभयो ।

ऊर्जामन्त्री खड्काले उक्त समझदारी नेपालको ऊर्जा क्षेत्रको विकासमा कोसेढुङ्गा सावित भएको बताउनुभयो । उहाँले निजी क्षेत्रलाई प्रसारण लाइनको जिम्मा दिँदा कामसमेत समयमै हुने र सरकारले लिएको लक्ष्य पूरा हुने विश्वास व्यक्त गर्नुभयो ।

## विश्व समाचार

### इजरायलले पहिलो ‘वेभ पावर प्लान्ट’ सुरु गर्‍यो

जेरुसेलम, २ पुस, (रासस/सिन्ह्वा) ।

इजरायलले समुद्री छालबाट बिजुली उत्पादन गर्ने आफ्नो पहिलो पावर प्लान्टको उद्घाटन गरेको इजरायलको ऊर्जा र पूर्वाधार मन्त्रालयले आइतबार एक विज्ञप्तिमार्फत जानकारी गराएको छ ।

तेल अवीव-याफोको भूमध्यसागरीय सहरको जाफा पोर्टमा अवस्थित उक्त पावर प्लान्टको क्षमता १०० किलोवाट रहेको छ ।यो इजरायली ऊर्जा कम्पनी इको वेभ पावरद्वारा विकसित गरिएको थियो ।

यो प्रणालीले ६० सेन्टीमिटर उचाइभन्दा कम छालबाट बिजुली उत्पादन गर्न सक्ने छ । स्मार्ट कन्ट्रोल सिस्टमले सुसज्जित यो प्रविधिले आँधीबेहरीमा हुने क्षतिलाई रोक्नको लागि समुद्रको सतहभन्दा माथि उठाउँछ ।

परियोजनाबाट उत्पादित सबै बिजुली इजरायलको राष्ट्रिय ग्रिडमा आपूर्ति गरिन्छ । राज्यको स्वामित्वमा रहेको इजरायल इलेक्ट्रिक कर्पोरेशनले सुविधाबाट उत्पादित सबै ऊर्जा खरिद गर्दछ ।

मन्त्रालयले यो परियोजना नवीकरणीय स्रोतबाट ऊर्जा उत्पादन बढाउने, वायु प्रदूषण घटाउने र इजरायलको ऊर्जा सुरक्षा बढाउने पाइला भएको बताएको छ ।

### इन्डोनेसियामा माछा मार्ने डुङ्गा पल्टिँदा १५ जना बेपत्ता, दुईको उद्धार

जाकार्ता, २ पुस, (रासस/सिन्ह्वा) ।

इन्डोनेसियाको पूर्वी मालुकू प्रान्तमा माछा मार्ने डुङ्गा पल्टिँदा पन्ध्र जना बेपत्ता भएका स्थानीय अधिकारीले मङ्गलबार बताएका छन् ।

शनिबार माछा मार्ने क्रममा १७ यात्रु बोकेको डुङ्गा डुबेको थियो । दक्षिणपश्चिम पपुवा प्रान्तको खोज र उद्धार कार्यालयका प्रमुख मोन्स ब्रूरीका अनुसार सोमबार दिउँसो अर्को माछा मार्ने डुङ्गाले दुई जना चालक दलका सदस्यहरूलाई उद्धार गरेको थियो ।

उद्धारकर्ताहरूका अनुसार मङ्गलबार खराब मौसम तथा हावाहुरीका कारण डुङ्गा पल्टिएको थियो ।

### मस्को विस्फोटमा रुसी जनरल मारिए

मस्को,रसिया,२ पुस, (रासस/एएनआई) ।

रूसको विकिरण, रासायनिक तथा जैविक संरक्षण सेनाका प्रमुख लेफ्टिनेन्ट जनरल इगोर किरिलोभ र उहाँका सहकर्मीको मङ्गलबार बिहान दक्षिणपूर्वी मस्कोमा भएको विस्फोटमा मृत्यु भएको छ ।

रुसी अनुसन्धान समितिका प्रवक्ता स्वेतलाना पेट्रेन्कोले विद्युतीय स्कुटरमा राखिएको विष्फोटक पदार्थले विस्फोट गराएको बताउनुभयो ।

प्रवक्ताले भन्नुभयो,“अनुसन्धानले डिसेम्बर १७ को बिहान मस्कोको रियाजान्स्की एभिन्यूमा रहेको आवासीय भवनको प्रवेशद्वार नजिकै स्कुटरमा राखिएको विस्फोटक पदार्थ विस्फोट भएको खुलासा भएको छ । रुसको विकिरण तथा रासायनिक र जैविक सुरक्षा सेनाका प्रमुख लेफ्टिनेन्ट जनरल इगोर किरिलोभ र उहाँका सहकर्मी उक्त विस्फोटमा मारिएका छन् ।”

पेट्रेन्कोका अनुसार मस्को विभागले आक्रमणको अनुसन्धान सुरु गरेको छ । हाल अपराधको पछाडिको अवस्थाको अनुसन्धान भइरहेको छ ।

### ग्रीसमा डुङ्गा दुर्घटनामा चार जना पाकिस्तानीको मृत्यु

इस्लामावाद, २ पुस, (रासस/सिन्ह्वा) ।

दक्षिणी ग्रीसको क्रेट टापुमा शनिबार भएको डुङ्गा पल्टिँदा चार जना पाकिस्तानी नागरिकको मृत्यु भएको पाकिस्तानको विदेश कार्यालयका प्रवक्ता मुमताज जाहरा बलोचले एक विज्ञप्तिमार्फत पुष्टि गर्नुभएको छ ।

बलोचले सोमबार भन्नुभयो,“हामी गहिरो दुःखका साथ घोषणा गर्दछौं कि ग्रीक अधिकारीहरूले साझा गरेको पछिल्लो जानकारी अनुसार ग्रीसको क्रेट टापुको दक्षिणमा शनिबार भएको डुङ्गा पल्टिने घटनाहरूमा चार जना पाकिस्तानी नागरिकको मृत्यु भएको छ । जीवित व्यक्तिहरूलाई सहयोग गर्न ग्रीक अधिकारीहरूसँग निरन्तर सम्पर्कमा छ ।”

यसअघि पाकिस्तानी विदेश मन्त्रालयले ग्रीसको तटमा डुङ्गा पल्टिएको स्थानबाट ४७ जना पाकिस्तानी नागरिकको उद्धार गरेको पुष्टि गरेको थियो ।

सन् २०११ देखि ग्रीस अनियमित आप्रवासी र युरोपेली युनियन (इयू) प्रवेश गर्न प्रयास गर्ने शरणार्थीहरूको लागि प्रमुख प्रवेश बिन्दु भएको छ ।

# अन्य पार्टीसँग तत्काल एकताको सम्भावना छैन : एकीकृत समाजवादी

काठमाडौँ, २ पुस (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले तत्काल अन्य कम्युनिष्ट पार्टीसँग एकता नगर्ने भएको छ । पार्टीको जारी स्थायी कमिटी बैठकमा पारित गरिएको आगामी कार्ययोजनामा कार्यदिशा र सिद्धान्तमा एकरुपता नभएसम्म अन्य पार्टीसँग पनि एकताको सम्भावना नरहेको निष्कर्ष निकालिएको हो ।

बैठकमा पार्टी महासचिव घनश्याम भुसालद्वारा प्रस्तुत प्रस्ताव पारित गरिएको थियो । बैठकमा आगामी निर्वाचनमा देशैभरि पार्टीका उम्मेद्वार खडा गर्ने पार्टीको साङ्गठनिक सुदृढीकरण गर्ने निर्णय गरिएको छ । उहाँले आगामी कार्यक्रम तथा नीतिलगायत विषयमा प्रतिवेदन प्रस्तुत गर्नुभएको हो ।

पार्टी केन्द्रीय कार्यालय आलोकनगरमा गत मङ्सिर २६ गतेदेखि जारी बैठकमा पार्टीको आगामी कार्ययोजना निर्माण गर्ने विषयमा नेताहरूले धारणा राख्ने क्रम सकिएको छ । पार्टीको सङ्गठन सुदृढीकरण गरी 'पार्टी गाउँका जनतासँग' भन्ने कार्यक्रम सञ्चालन गर्ने उपाध्यक्ष जगन्नाथ खतिवडाले जानकारी दिनुभयो ।

पार्टी अध्यक्ष माधवकुमार नेपाल नेतृत्वमा गठित कार्यदलले बैठकमा नेताहरूको कार्यविभाजन पेश गरेपछि बैठकले अनुमोदन गर्ने उपाध्यक्ष खतिवडाले जानकारी दिनुभयो । विगतमा विभिन्न जिम्मेवारीमा रहेर साङ्गठनिक कार्यसम्पादन तथा राजनीतिक गतिविधिमा योगदान गरेका सक्षम नेताहरूलाई विभाग, जनवर्गीय सङ्गठनका इन्चार्जको जिम्मेवारी प्रदान गर्ने तयारी छ ।

पूर्वप्रधानमन्त्री झलनाथ खनाल अस्वस्थता कारण बैठकमा लिखित दस्तावेज प्रेसित गर्नुभएको छ ।

# चोरीका घटनामा संलग्न भारतीय नागरिक पक्राउ

सिरहा, २ पुस (रासस) ।

मधेसका विभिन्न जिल्लामा चोरीका घटनामा सम्लग्न भारतीय डाँका सिरहाबाट पक्राउ परेका छन् । प्रहरीले शनिबार सिरहास्थित नेपालभारत सीमाक्षेत्रबाट भारतीय नागरिक आरिफ खान भन्ने आरिफ हुसैनलाई पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक वीरेन्द्र पासवानका अनुसार नेपालसहित भारतका विभिन्न स्थानमा हुसैनविरुद्ध डकैती, लुटपाट तथा सङ्गठित अपराध मुद्दा दर्ता छ । महोत्तरीको महोत्तरी गाउँपालिका-२ स्थित एनएमबि बैंकको शाखामा २०८० साल जेठ १६ गते पाँच जनाको हतियारधारी समूहले पेस्तोल देखाएर रु ३८ लाख लुटेको घटनामा पनि उनी प्रतिवादी रहेका थिए ।

त्यसैगरी २०७९ फागुन १० मा सिरहाको मिर्चैया नगरपालिका-३ स्थित बतहा पुलमा पैसा बोकेर गइरहेका ग्लोबल आइएमई बैंकका कर्मचारीलाई पेस्तोल देखाई रु नौ लाख लुटेर फरार भएको घटनामा पनि उनी प्रतिवादी रहेको प्रहरी उपरीक्षक पासवानले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "अन्य धेरै चोरी डकैतीका घटनामा उनको संलग्नता रहेको अनुसन्धानबाट खुलेको छ । तर सबै घटनामा मुद्दा दर्ता छैन ।"

भारतमा बसी नेपालमा सङ्गठित अपराध गर्दै आएका डाँकाहरूको समूह नै रहेको र पक्राउ परेका डाँकु हुसैन उक्त समूहका नाइके रहेको प्रहरीले जनाएको छ । उक्त समूहका अन्य केही व्यक्ति महोत्तरी प्रहरीले पक्राउ गरिसकेको जनाएको छ । उक्त समूहले नेपालमा मात्र नभएर भारतमा पनि चोरी, डकैती गर्दै आएको र भारतीय प्रहरीले उनीबारे सूचना दिनेलाई रु २५ हजार पुरस्कार दिने घोषणा गरेको प्रहरी उपरीक्षक पासवानले जानकारी दिनुभयो ।

# सञ्चार प्रतिष्ठान ऐन जारी गर्ने तयारीमा कोशी प्रदेश

विराटनगर, २ पुस (रासस) ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले चालु आर्थिक आर्थिक वर्षभित्रै सञ्चार प्रतिष्ठान ऐन जारी गर्ने तयारी भएको बताउनुभएको छ ।

राष्ट्रिय समाचार समिति (रासस)ले कोशी प्रदेशका स्थानीय समाचारदाताहरूका लागि आयोजना गरेको तीनदिने क्षमता विकास कार्यक्रमको मंगलबार यहाँ उद्घाटन गर्दै उहाँले उक्त जानकारी दिनुभएको हो ।

सञ्चार प्रतिष्ठान ऐन पत्रकारको क्षमता विकास र सुरक्षामा महत्वपूर्ण हुने बताउँदै मुख्यमन्त्री कार्कीले सरकारबाट भएका विकास-निर्माणका सकारात्मक गतिविधिलाई जनसमक्ष पुऱ्याउने र गल्ती कमजोरीमाथि खबरदारी गर्नुपर्नेमा जोड दिनुभयो । राससले आफूलाई समयानुकूल परिवर्तन गर्दै 'सबैले खोज्ने र रोज्ने' बनाउन सुझाउनुभयो ।

कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले प्रदेश सरकार पत्रकारिताको प्रवर्द्धनमा निरन्तर लागिरहेको बताउनुभयो । आगामी वर्ष २० लाख पर्यटक कोशी प्रदेशमा भित्र्याउने योजना रहयतरस्को र त्यसले देशको समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने बताउनुभयो ।

राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले राससलाई २१औँ शताब्दीको सञ्चार संस्थाको रूपमा स्थापित गराउन आफू क्रियाशील रहेको बताउनुभयो । उहाँले स्थानीय तहमा भएका विकास- निर्माणका कामलाई बाहिर ल्याउन जिल्ला सामाचारदाताहरूलाई निर्देशन दिनुभयो । साथै उहाँले जनतालाई केन्द्रविन्दुमा राखेर कलम चलाउन आग्रह गर्नुभयो ।

स्वागत मन्तव्य गर्दै राससका महाप्रबन्धक सिद्धराज राईले सकारात्मक पत्रकारितालाई बढावा दिनुपर्नेमा जोड दिनुभयो ।

रासस सञ्चालक समिति सदस्य शङ्कर खरेलले सरकारी एवं गैरसरकारीस्तरमा भएका कामलाई नागरिकसमक्ष पुऱ्याउन सम्बद्ध सबैलाई आग्रह गर्नुभयो ।

# 'विश्वविद्यालयको पाठयक्रम सङ्घीयताको ढाँचा अनुसार लैजानुपर्छ'

पर्सा, २ पुस (रासस) ।

मुलुक सङ्घीयतामा गएसँगै विश्वविद्यालयका पाठ्ची स्कमलाई पनि सङ्घीयताको ढाँचा अनुसार लैजानुपर्ने एक कार्यक्रमका वक्ताहरूले बताएका छन् ।

'मधेश विश्वविद्यालय सङ्घीयता अध्ययन केन्द्र वीरगञ्ज'ले मंगलबार यहाँ आयोजना गरेको सङ्घीयता विषयमा अध्ययन, अध्यापन र अनुसन्धान सम्बन्धित छलफल तथा अन्तरक्रिया कार्यक्रमका वक्ताहरूले विश्वविद्यालयको पाठ्यक्रमलाई पनि सङ्घीयता अनुसार लैजानुपर्ने बताए । राष्ट्रियसभाका पूर्व सांसद खिमलाल देवकोटाले विश्वविद्यालयमा सङ्घीयता सम्बन्धि पठनपाठकका विषयवस्तुलाई पाठ्यक्रममा समावेश गरेर अघि बढ्नुपर्ने बताउनुभयो ।

"सङ्घीयताको कार्यान्वयन गर्न विश्वविद्यालयको भूमिका अहम हुनेगर्छ," उहाँले भन्नुभयो, "मुलुक सङ्घीयतामा गएसँगै शिक्षा क्षेत्रलाई पनि सोही ढाँचाअनुरुप अघि बढाएमा मात्रै सङ्घीयताले मूर्तरुप पाउन सक्छ ।"

सङ्घीयता विज्ञ देवकोटाले विश्वविद्यालयमा सङ्घीयता सम्बन्धि अध्ययन-अध्यापन गराउन सके व्यवहारिक रूपमा कार्यान्वयन गर्न पनि सहज हुने बताउनुभयो । "हामी सङ्घीयताको कार्यान्वयनको प्रारम्भिक चरणमा छौँ," उहाँले भन्नुभयो, "सङ्घीयतालाई जनमानसमा पुऱ्याउन विश्वविद्यालयको भूमिका गहन हुनेगर्छ ।"

मधेश विश्वविद्यालयका उपकुलपति दीपक शाक्यले मधेश विश्वविद्यालयमा सङ्घीयता अध्ययन केन्द्र स्थापनाका लागि आवश्यक पहलकदमी गरिरहेको जानकारी दिनुभयो । "मधेश विश्वविद्यालय स्थापना गरेर सङ्घीयताको केही हदसम्म कार्यान्वयन गर्न मद्दत पुगिरहेको छ," उहाँले भन्नुभयो, "अब सङ्घीयता अध्ययन केन्द्रमार्फत सङ्घीयतासम्बन्धित पठनपाठनलाई पनि अघि बढाउने जमर्को गरिरहेका छौँ ।" उपकुलपति शाक्यले मधेश विश्वविद्यालयको क्षेत्राधिकार र पहुँच वृद्धि गर्नेतर्फ प्रयास भइरहेको बताउनुभयो ।

अहिले मधेश विश्वविद्यालयमा बिए एलएलबी र बिपीएको पठनपाठन हुँदै आएको छ । हाल विश्वविद्यालयमा करिब दुई सय ५० विद्यार्थी अध्ययनरत् छन् । पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले मुलुकले अगिङ्कार गरेको सङ्घीयतालाई प्रभावकारी ढङ्गले कार्यान्वयन गराउनु सबैको भूमिका रहेको बताउनुभयो ।

# प्लास्टिकजन्य फोहोर नजलाउन आग्रह

काठमाडौँ, २ पुस (रासस) ।

वन तथा वातावरण मन्त्रालयले प्लास्टिकजन्य फोहोर तथा कृषिजन्य अवशेषहरू नजलाउन आग्रह गरेको छ ।

विभागले मंगलबार एक सूचना निकालेर सवारी साधनको नियमित मर्मतसम्भार गर्न, उद्योग कलकारखाना तथा भान्साहरूमा स्वच्छ ऊर्जाको प्रयोग गर्न र सडक तथा निर्माण कार्यबाट उड्ने धुवाँ धुलोको यथोचित नियन्त्रण गर्न आग्रह गरेको हो । विगत केही सातादेखि मुलुकको तराई क्षेत्रलगायत काठमाडौँ उपत्यकामा वायु प्रदूषण बढेको सन्दर्भमा विभागले उक्त सूचना जारी गरेको हो ।

वायु प्रदूषणका मुख्य कारक उद्योग, कलकारखाना र सवारी साधन, वन डढेलो हो । त्यसैगरी, खुला रूपमा फोहोर तथा कृषिजन्य अवशेष जलाउँदा, सडक तथा निर्माण कार्यहरूबाट उड्ने धुलोले पनि वायुलाई प्रदूषित गर्दछ ।

वायु प्रदूषणले मानव स्वास्थ्यमा नकारात्मक असर पार्ने र विशेषगरी बालबालिका, वृद्धवृद्धा एवं श्वासप्रश्वास र मुटुका बिरामी, गर्भवतीहरूलाई बढी प्रभाव पार्ने भएकाले विशेष सावधानी अपनाउन विभागले अनुरोध गरेको छ ।

## रथयात्राको...

भव्यरुपमा रथयात्रा निकाल्ने तयारी भएको सो अवसरमा कोषाअध्यक्ष दिपक भगतले जानकारी गराए । रथयात्रा व्यवस्थापन समितिका संयोजक अमित नायकले रथयात्रामा राजविराज आसपासका पालिका सहित सीमावर्ती भारतीय बजारबाट पनि ठूलो संख्यामा भक्तजन आउने अपेक्षा गरिएको बताए ।

गत वर्ष १५ हजारको सहभागिता रहेकोमा यस पल्ट त्यसको दोब्बर ३० हजार देखी ३२ हजार सम्म भक्तजनको सहभागिता हुने अपेक्षा गरिएको उनको भनाई थियो ।

रथयात्रा अघि पुष ५ गते शुक्रवार कलश यात्रा र प्रसिद्ध कथाबाचक रामानुज दासजी महाराजद्वारा श्रीमदभागवत कथावाचन कार्यक्रम प्रारम्भ हुने श्रीलक्ष्मी नारायण राधाकृष्ण मन्दिरका मूलपुजारी रत्नेश्वर झाले बताए ।

यस्तै पुष ११ गते विहीवार कथा विराम र पुष १३ गते शनीवार रथयात्रा तथा महाप्रसाद वितरण को कार्यक्रम तय भएको पत्रकार सम्मेलनमा भागवत कथा आयोजन समितिका संयोजक निरज प्रसाद साहले जानकारी दिए । पत्रकार सम्मेलनमा वडासदस्य रामानन्द देव, समाजसेवी विरेन्द्र गुप्ता, किशोर कुमार यादव केसी लगायतले पनि कार्यक्रमको महत्व र तयारी बारे जानकारी गराएका थिए । भगवान सवार रथयात्राको दर्शन गरेमा वा रथयात्राको डोरी छोएमा मात्रै पनि मनोकाँक्षा पुरा हुने विश्वास रहेकोले प्रत्येक वर्ष रथयात्रामा सहभागी हुने भक्तजनको संख्या बढ्दै गएको आयोजकको भनाई छ ।


## वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस संस्थाको संचालक समितिको मिति २०८१।०८।११ गतेको बैठकको निर्णय अनुसार यस संस्थाको २२औं वार्षिक साधारण सभा तपसिलका प्रस्तावहरु उपर छलफल गरी निर्णयका लागी तपसिलका मिति समय र स्थानमा हुने भएको हुँदा उपस्थितीको लागी हार्दिक अनुरोध छ ।

**प्रस्तावहरुः**

१) संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षिय प्रतिवेदन सम्बन्धमा ।
२) आ.व.२०८०।०८१ को वार्षिक लेखा परिक्षकको लेखा प्रतिवेदन सम्बन्धमा ।
३) आ.व.२०८०।०८१ को वार्षिक लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
४) आ.व.२०८१।०८२ र आ.व.२०८२।०८३ को संसोधित एवं अनुमानित प्रस्तावित वजेट तथा कार्ययोजना सम्बन्धमा ।
५) आ.व.२०८१।०८२ को लागी लेखा परिक्षण निम्ती लेखा परिक्षकको नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा ।
६) जग्गा खरीद/विक्री तथा बैक तथा वित्तिय संस्थाबाट कर्जा सम्बन्धमा ।
७) आ.व. २०८०।०८१ को एक वर्ष भित्र संचालक तथा अध्यक्षले गरेको निर्णयहरु अनुमोदन सम्बन्धमा ।
८) संस्थाको विनियम पुर्नलेखन, संसोधन तथा निति नियमावलीहरु, आन्तरीक कार्यविधीहरु र निर्देशिकाहरु सम्बन्धमा ।
९) नियमनकारी निकायको निर्देशन सम्बन्धमा ।
१०) संस्था विवरण सम्बन्धमा ।
११) साधारण सभाको निर्णय पुस्तिकामा प्रमाणितको लागी प्रतिनिधी छनौट सम्बन्धमा ।
१२) विविध ।

**तपसिल**

**मिति : २०८१।०९।२७ गते शनिबार**
**स्थान : संस्थाको कार्यालय भवन माथी**
**समय : विहान ११:०० बजे**

**भवदीय**
**नेपाल सहकारी संस्था लि.**
**राजविराज ३, गजेन्द्र चौक, सप्तरी**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*